# ७ येशूको शिक्षादीक्षा र महान विवादमा भइरहेको संघर्ष

*<u>यस अध्यायका मूल पदहरू:</u>* मत्ती ११:२९, रोमी ४:१-६, मत्ती १३:३-८,१८-२३, मत्ती ७:२१-२७, याकूब २:१७, मत्ती ७:१-५,

*<u>यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:</u>* "हे परिश्रम गरेर थाकिएका र गऱ्हौं भारी बोकिरहेकाहरू हो, मकहाँ आओ। म तिमीहरूलाई बिश्राम दिनेछु।" (मत्ती ११:२८)।

जब हामी येशू र शैतानको बीचमा भइरहेको अत्यन्त महान् बिबादको बारेमा सोच्दछौं त्यो अचम्म लाग्न सक्छ र हामी मानव प्राणीको जीवन तथा सोचभन्दा बाहिरको हुनसक्छ। हो, हामीहरूको दृष्टिभन्दा त्यो ठूलो हो। त्यसले गर्दा यसलाई "बृहतचित्रण वा मेटानारेटिभ (metanarative)" पनि भन्न सक्छौं अर्थात् यो कथा हो जसले झट्ट हेरिएको वा भनिएको कथा भन्दा त्यसमा धेरै रहस्यहरू लुकिएका हुन्छन् र धेरै व्याख्याहरू गर्छन्। बृहतचित्रित कथा भनेको स्थानीय तथा लोकप्रिय कथाहरूभन्दा ठुलो हुनसक्छ जसले सिमित वा देखिएको यथार्थ जीवनको चित्र भन्दा गहिरो हुन्छ। ३०० बर्ष अगाडि **अमेरिकाको इतिहासमा पावल रिभिएर भन्ने एक जना युबा थिए। त्यसबेला बिलायतले अमेरिकामा राज्य गरिरहेको थियो। अमेरिकीहरू बिलायतको बिरुद्धमा खडा भइरहेका थिए। बिलायती फौजहरू आएर अमेरिकाका बासिन्दहरूसँग लड्थे। बिभिन्न स्थानहरूमा अमेरिकनहरू मिलेर त्यस फौजको प्रतिकार गर्न भुमिगत रूपमा हात हतियार लुकाएर आफ्नै फौज खडा गरेका थिए। जब बिलायती फौजहरू शहरतिर आउँथे तब पावल रभिएर आफ्नो घोडा चढेर बिलायती फौज आएको खबर सारा इलाकामा खबर दिन्थे। अनि त्यसबेला प्रतिकार टोलीहरू हाथ हतियार उठाएर बिलायतीहरूसँग लड्दथे। अमेरिकी स्वतन्त्र क्रान्तीको इतिहासमा पावल रभिएरले घोडा चडेर आफ्ना मानिसहरूलाई सुराक दिने कथा हल्का देखिएतापनि त्यसभित्र धेरै अचम्म, मार्मिक र गौरबमय बृहत चित्र लुकिएको छ।**

**त्यसै अनुरुप येशू र शैतानको बीचमा भइरहेको महान् बैचारिक बिबादको बिषयबस्तु हामीले थाहा पाएका वा देखेका चित्र भन्दा महान् र गौरबमय हुनसक्छ। फेरि यो कुनै बनको कुटीमा बसेर कल्पना गरेर लेखिएको**

पुराण तथा पुराणमा उल्लेख गरिएका कथाहरू जस्तो नभएर येशू र शैतानको बीचमा भइरहेको विवादको संघर्षको यथार्थ चित्रण यसै संसारमा  दिनदिनै घटिरहेको देख्दछौं। त्यो हाम्रो जीवनमा पनि, हामीहरू परमेश्वरको पक्षमा छौं कि शैतानको पक्षमा छौं भनेर निर्णय गरिरहनुपर्नेमा, संसारमा लोभ्याउने विभिन्न प्रलोभनहरू जस्तै आँखाको अभिलाषा, शरीरको अभिलाषा र जीवनको शेखीमा, र अरूहरूको जीवनमा घटिरहेको घटिरहेको घट्नाले देखाइरहेको हुन्छ। राजनैतिक र आर्थिक उथलपुतलको घट्नाहरूले मानिसहरूको दैनिक जीवनमा कुनै न कुनै रूपमा असर पारिरहेको हुन्छ। त्यसै अनुरुपमा येशू र शैतानको बीचमा भइरहेको महान् बिबादिय संघर्षमा हामीहरूको जीवनको प्रत्येक पक्षमा असर पारिरहेको हुन्छ।

सामान्य दैनिक जीवनमा उपयोगी येशूका केही नरम र ब्यवहारिक शिक्षाहरू यस अध्यायमा नियाल्नेछौं। जब हामी परमेश्वरको इच्छालाई शिरोपर गर्न संघर्ष गरिरहेका हुन्छौं तब हामीहरूकै वरिपरि भइरहेका महान् बिबादको आत्मज्ञान खुल्दै गरेको र त्यससँग सुरो भएर कसरी सामना गर्ने भन्ने ज्ञान यस अध्यायले केहीहदमा थाहा दिनेछ।

## १ बिभिन्न खालका आराम तथा बिश्रामहरू (मत्ती ११:२९)

"मेरो जुवा तिमीमाथि राख र मबाट सिक। म बिनम्र र कोमल हृदयको छु। यदि मकहाँ आयौ भने तिम्रो (बेचैन) अन्तरआत्माले आराम पाउनेछ।" (मत्ती ११:२९ रूपान्तरित)। जुवा बोकेर हामीहरूको बेचैन आत्माले कसरी आराम पाउँछ त?

येशूको जीवन, शिक्षादिक्षा र क्रुसको मृत्युलाई सहानुभूतिपूर्वक हेरेर उहाँलाई बिश्वास गर्ने चलनभन्दा अझ गहिरिएर हेर्दै हामीहरूलाई शत्रुबाट छुटाउने उहाँको लक्ष्यलाई व्यक्तिगतरूपमा कसरी अनुभव गर्न सकिन्छ भन्ने माथिको पदले थप्दछ। माथि उल्लेख गरेका उहाँका शब्दहरू अगमवक्ता यर्मियाको वचनबाट मिलाएर उदृध गरिएको हो। आफ्ना वरिपरि छिमेकी देशहरूका देवीदेवताहरूका मूर्ती बनाएर पूजा गर्ने भन्दा आफ्ना पूर्खाले मानेका परमप्रभु सनातनका परमेश्वरतिर फर्कियो भने तिनीहरूका बेचैन अन्तरआत्माहरूले आराम तथा बिश्राम पाउनेछ भनेर यर्मियालाई इस्रायलीहरूलाई कबूल गरेका थिए (यर्मिया ६:१६)।

बिश्राम तथा आरामको चित्रण बाइबलमा धेरै फराकिलो तथा गहिरो रूपमा प्रस्तुत गरिएको छ। यो परमेश्वर आफैबाट सुरू हुन्छ (उत्पत्ति २:२)।

उहाँको बिश्रामले सब्बथको बिश्रामको अवधारणा ल्याइयो जुन् साप्ताहिक बिश्रामको उत्सबलाई जनाउँछ। यहूदीहरूको संस्कारमा बिश्राम वर्षभरी बिभिन्न तरिकाले मनाइन्थ्योः (१) वर्षभरि बार्षिक भोज मनाएर (लैब्य १६:३१), (२) प्रत्येक सातवर्षको एक वर्षलाई जमिनलाई बाँझै राखेर जसले गर्दा जमिले पनि बिश्राम पाउन् (प्रस्थान २३:११) र (३) प्रत्येक ५० वर्षपछि जयन्ती मनाएर जुनबेला दासहरू स्वतन्त्र हुन्छन् र सबै मानिसहरू ऋणहरूबाट मुक्त हुन्छन् (लैव्य २५:१०)।

जब परमेश्वर आफ्ना जनहरूसँग हुन्थे तब तिनीहरूले बिश्राम पाएको अनुभव गर्न सकेका थिए (प्रस्थान ३३:१४) किनभने त्यहाँ कुनै शत्रुहरू थिएन न त कुनै नराम्रो घट्नहरू नै हुन्थे (१ राजा ५:४, व्यवस्था २५:१९)। बिशेष गरेर बेबिलोनको दासत्वबाट आफ्नो देशमा फर्कन्दा (यर्मिया ३०:१०) वा परमेश्वरले दिनुभएको देशमा (यहोशू १:१३) रहन पाउँदा बिश्रामको सास फेर्न पाइन्थ्यो। पाहुना तथा अपरिचित मानिसहरूलाई सत्कार गरिन्दा (उत्पत्ति १८:४) शान्तमय परिवारमा रमाइलोसँग रहनसक्दा पनि बिश्रामको अनुभव गरिन्थ्यो (रुथ १:९, हितोपदेश २९:१७)।

तर अरू देशहरूमा परमेश्वरका जनहरूलाई बिश्राम हुँदैन (प्रस्थान ५:४,५, बिलाप १:३)। छालहरूले हल्लिएका, बेचैन र खस्रो समुद्र जस्तै दुष्टहरूबाट बिश्राम परै बस्दछ। तिनीहरूका आन्तरिक बिबेक तथा चेतनाले आराम पाउँदैन (यशैया ५७:२०)। दुष्टहरू केवल मृत्युको निम्तिमात्र पर्खिरहेका हुन्छन् जहाँ तिनीहरूले बिश्राम पाउँछन् (अय्यूब ३:११, १३,१६-१८)। इतिहासको अन्तिम दिनहरूमा ख्रीष्टको बिपक्षमा रहनेहरूले पाउने आरामको शक्तिशाली चेतावनी प्रकाश १४:११ले दिँदछ। ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिवादको युद्धमा दुष्टहरू शैतानको पक्षमा उभिँदा अनन्त जीवनको अनुभव नगरि सदाको निम्ति तिनीहरूको अस्तित्व खतम हुनेछ।

जुन बिश्राम येशूले उपलब्ध गराउनुहुन्छ त्यो अत्यन्त उदार र सदासयी बरदान हो। त्यसमा सब्बथको बरदान पनि समाबेश भएको छ। सृष्टिकर्तासँग बिताउने समय त्यस दिनमा हामीलाई उपलब्ध गराइन्छ। हामीहरू बरालिएर, भौंतारिएर, लक्ष्यहीन भएर कसरी चलिरहेकाछौं भनेर ख्रीष्टले दिनुभएको बिश्रामले बताउँछ। उहाँमा आउँदा हामीहरूको प्रत्येक पक्षले बिश्राम, चैन तथा आराम पाउनेछ। जब हामी जानी वा नजानी गलत काम

**गर्छौं तब पनि यदि हामी ख्रीष्टमा छौं भने हामीलाई बिश्रामको निम्ति स्थान उपलब्ध गराइएको छ।**

परमेश्वरले उपलब्ध गराउनुभएको बिश्राम सब्बथ दिन बाहेक अरू कुन् कुन् तरिकाले रमाइलो मानेर उपभोग गर्न सक्छौं? येशूमा हामीहरूको बेचैन आत्माले कसरी आराम पाउन सक्छौं? हेर्नुहोस् रोमी ४:१-६ "४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।"

## २. बिउ छर्ने र कटनी गर्ने (मत्ती १३:३-८)

**ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक बिवादको बिषयबस्तु येशूले बोल्नु भएको बिउ छर्नेको उखान वा अर्तीकथाले स्पष्ट पार्दछ। बिउ छर्ने उखानमा बिउहरू चार थरिका जमिनमा छरियो भनेर उल्लेख गरिएको छ। ती चार थरि जमिनको अर्थ संसारमा रहेका मानिसहरूलाई असल र खराब भनेर छुट्याउनु भन्दा गहिरो अर्थ लागिन्छ। हो, संसारमा चार थरिका मानिसहरू छन् तर तिनीहरूको जीवन बिभिन्न कठिन परिस्थितिहरूमा गुज्रिरहेको हुन्छ। त्यसकारण सुसमाचारलाई तुरन्त ग्रहण नगर्दा वा हामीले अपेक्षा गरेको अनुसार नस्वीकार्दा तिनीहरूको आलोचना गर्नबाट हामी होशियार हुनुपर्छ। येशूले चार स्थानमा बिउ छरियो मात्र भनिएको छ ती स्थानहरूलाई असल वा खराब भनेर तोक्नुभएको छैन।**

मत्ती १३:३-८ पढ्नुहोस् र त्यसको अर्थ मत्ती १४:१८-२३ पढ्नुहोस्। त्यस उखानमा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादलाई कसरी व्याख्या गर्न खोजिएको छ? हेर्नुहोस् मत्ती १३:३-८, "३ उहाँले तिनीहरूलाई दृष्टान्तमा धेरै कुरा भन्नुभयो। उहाँले भन्नुभयो, "एक जना बीउ छर्ने बीउ छर्न निस्क्यो। ४ अनि यसरी छर्दा केही बीउ बाटोतिर परे, र चराचुरुङ्गीले आएर ती खाइदिए। ५ केही बीउ ढुङ्गेनी जमिनमा परे, जहाँ धेरै माटो थिएन, र गहिरो माटो नभएकोले ती छिट्टै उम्रे। ६ तर जब घाम लाग्यो ती ओइलाए, र जरा नभएकोले ती सुकिहाले। ७ अरूहरूचाहिँ काँढ़ाहरूका

बीचमा परे, तर काँढ़ाहरू बढ़ेर आए र तिनलाई निसासिदिए। ८ अरू बीउ असल जमिनमा परे, र कुनैले सय, कुनैले साठी, कुनैले तीस गुणा फल दिए।' र मत्ती १३:१८:२३ "१८ "बीउ छर्नेको दृष्टान्त सुन। १९ जब कसैले राज्यको वचन सुन्छ, र सो बुझ्दैन, तब दुष्ट आउँछ र त्यसको हृदयमा जे छरिएको थियो सो खोसेर लैजान्छ। बाटोतिर छरिएको बीउचाहिँ त्यही हो। २० ढुङ्गेनी जमिनमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्ने बित्तिकै खुशीसाथ झट्टै त्यो स्वीकार गर्दछ। २१ तर त्यसको आफ्नै जरा नभएकोले त्यो थोरै बेर मात्र टिक्छ, र वचनको कारणले कष्ट कि सतावट परिआउने बित्तिकै त्यो पछि हट्छ। २२ काँढ़ाहरूमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्छ, तर यस संसारको फिक्री र धन-सम्पत्तिको छलले वचनलाई बाधा दिन्छ, र त्यो फल नदिने हुन्छ। २३ तर असल जमिनमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्छ, र बुझ्दछ, र साँच्चै फल फलाउँछ। त्यसले छरेको बीउबाट सय गुणा, साठी गुणा र तीस गुणा फसल फलाउँछ।"

**मानिसको निम्ति हुने युद्ध कुनै मनगढन्ते नभएर यथार्थ वा साँच्चिकै हो। मानिसहरूले मुक्ति नपाउन् र तिनीहरूले सत्य वचनप्रति ध्यान नदिओस् भनेर शत्रु पक्ष वा शैतानले अनेकौं उपायद्वारा तिनीहरूको मन भड्काइ रहेको हुन्छ। उदाहरणको निम्ति बाटोमा खसेको बिउको बारेमा व्याख्या गर्दै एलेन जी ह्वाइट भन्नुहुन्छ "जहाँ जहाँ सुसमाचारको प्रचार गरिन्छ त्यसको प्रतिकार गर्न शैतान र उसका मतियार तथा उसका दूतहरू भेला हुन्छन्। परमेश्वरका दूतहरूले मानिसहरूको हृदयमा परमेश्वरको वचनलाई प्रभावित पार्न खोज्छन्। तर परमेश्वरको वचन बेकारको ठहराउन शत्रुले भरमग्दुर प्रयास गर्दछ। परमेश्वरको आत्माले जोशिलो भएर प्रचार गर्न चाहनेहरूलाई आनकानी गराउन तथा निरुत्साहित बनाउन शैतान अत्यन्त उत्सुक हुन्छ। ख्रीष्टले मानिसहरूलाई आफ्नो प्रेमले तानिरहेको हुन्छ। तर परमेश्वरले हात हाल्नुभएको मानिसले उहाँलाई बिश्वास नगरोस् र उद्धारकर्ताको बाटोमा नहिँडोस् भनेर शैतान हरतरह कोशिश गरिरहेको हुन्छ। उसको चाहना नै मानिसहरूलाई परमेश्वरबाट फर्काउनु हो।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ ४४बाट रूपान्तरित।**

**कसैले सोध्न सकिन्छ, होइन बिउ छर्ने किसानले जमिनलाई राम्रोसँग नजोतेर किन खेर जाने गरि बिउ छरे त? आफ्नो खेतबाट किन ढुङ्गाहरू निकालेन वा घाँस आदि नउखेलि किन बिउ छरे?**

**यथार्थमा बारिकै मात्र कुरा गरियो भने ती प्रश्नहरू जायज छन् र बिउ छर्नु अघि जमिन तयार गर्नु आवश्यक छ ताकि छरिएको सबै बिउ खेर नजाउन्। तर जब सुसमाचारको प्रचार गरिन्छ तब मानिसको प्रयास सिमितै हुन्छ। सुन्ने मानिसहरू तयार होउन् वा नहोउन् सुसमाचार जतातत्तै फैलाउनु आवश्यक छ। कुन् मानिस वा माटो उर्बरा असल छ वा नराम्रो छ भनेर मूल्याङ्कन गर्नु हाम्रो काम होइन। घाँस तथा काँडाहरू उम्रिएर बिउलाई बढ्न नदिनुको अर्थ कतिपय समयमा अपेक्षा नगरिएको ठाउँहरूबाट खराब तथा दुष्टता उम्रिन नदिन हामी असमर्थ भएका हुन्छौं। जो जो परमेश्वरको वचन सुनिएर मुक्ति पाउन चाहन्छ त्यो पाओस् भनेर सक्रिय हुने कटानीको प्रभुले पृष्ठभूमीमा काम गरिरहनुहुन्छ। हामीले हाम्रो काम गर्नुपर्छ र त्यसको नतिजा उहाँमा नै सुम्पिएर हामी ढुक्क हुनु आवश्यक छ।**

येशूले भन्नुभएको बिउको अर्तीकथा कतिको व्यवाहारिक छ भनेर कुन् कुन् दृष्टिकोणहरूले हेर्न सकिन्छ? कतिपय मानिसहरू बप्तिस्मा लिने बित्तिक्कै किन चर्चबाट बाहिर निस्कन्छन् र चर्चमा आउन पटक्कै चाहन्दैन? तर कतिपय अरू भने परमेश्वरमाथि को बिश्वास तथा निष्ठामा मजबुत भएर बस्दछन्?

## ३. चट्टानमाथि बनाइएको घर (मत्ती ७:२१-२७)

**हामीहरूको वरिपरि सत्य असत्य वा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्धमा हामी कसको पक्षमा उभिरहेका छौं भनेर सोचिरहनु अत्यन्त जरुरी छ। त्यो बिषयले केवल कुनै कुनैलाई मात्र नभएर सबैको जीवनमा छोइरहेको हुन्छ। चट्टानमा बनाइएको घरको अर्तीकथाले त्यो महान् बिबादको युद्ध प्रत्येक व्यक्तिको जीवनमा कसरी लागु हुन्छ भनेर हामीलाई बुझाउँछ।**

चट्टानमाथि र बालुवामाथि बनाइएको घरले हामीहरूलाई किन राहत र आहत दिँदछ? हेर्नुहोस् मत्ती ७:२१-२७ "२१ "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। २२ त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' २३ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।' २४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान्

मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।"

**येशूले भन्नुभएको त्यस अर्तीकथाले तपाईंको दिमागमा के आउँछ? चट्टान कहाँ छ र बालुवा कहाँ छ? कतिपय मानिसहरूको निम्ति बालुवा केवल नदी वा समुद्रको किनारमा मात्र पाउँछ। तर यो कथा समुद्र वा नदीको किनारामा बनाइएको घरको बारेमा नहुन सक्छ। तर पहाड वा उपत्यकाभन्दा माथि बनाइएको घर हुनसक्छ।**

**येशूले दुई थरिका घरहरूको बारेमा भन्नुहुन्छ। एउटा घरचाहीं नरम माटोमा केही फिटमात्र खनेर जग बसालेर घर बनाइएको हुन्छ भने अर्को घरचाहीं जग खन्दैखन्दै ढुङ्गामा पुगेपछिमात्र त्यहाँ खोपेर घरको जग बसालिन्छ। दुबै घर राम्रो त देखिन्छ तर ती घरहरू कतिको बलियो छ भनेर थाहा हुँदैन जब सम्म पानी पर्दैन। जब बाढी आउँछ त चट्टानमा खोपेर जग बसालिएको घरवालाको निम्ति चिन्ता हुँदैन। तर बालुवा वा नरम माटोमा सजिलोसँग खनेर जग बसालिएको घरको भने समस्या हुन्छ। बलियो जग नभएको घरमा बाढी आउनेबित्तिकै त्यो घर बगाएर लगिएको हुन्छ।**

**कतिपय समयमा हामी आफूले आफैलाई कसरी मूर्ख बनाउँछौं भनेर थाहा पाउनुभएकोले नै त्यो अर्तीकथा उहाँले भन्नुभएको हो। त्यस कथामा गम्भिर संघर्ष भइरहेको पाउँछौं। कसैको सहायता बिना हामी बाँच्न सक्दैनौं। दुष्टमाथि येशूले बिजय पाइसक्नुभएको छ। त्यसैकारण उहाँ चट्टान भनेर आफूलाई सम्बोधन गर्नुभएको थियो।**

**दुष्टहरूसँग वा पापसँग गरिने व्यक्तिगत संग्राममा हामी जित्न सक्छौं। तर हामीहरूको जीवन उहाँ वा उहाँरूपी चट्टानमा जग खनेर हामीहरूको घर बसालियौं भने मात्र। उहाँको बचन सुनेरमात्र होइन पालन गर्दा हामीहरूले हाम्रो आत्मिक जग उहाँमा बसाल्न सक्छौं। उहाँले स्पष्ट गरेर भन्नुभयो "त्यसरी नै जसले मेरा बचनहरू सुन्दछन् र आफ्नो जीवनमा लागु गराउँछन् त्यो मानिस बुद्धिमान मानिस जस्तै हो। उसले उसको घर चट्टानमा बनाइरहेको हुन्छ।"**

(मत्ती ७:२४ रूपान्तरित)। त्यसको निम्ति आस्था, बिश्वास तथा निष्ठाको धेरै आवश्यक छ। तर बाइबलले भन्दछ कि यदि कोही मानिस येशूलाई आस्था वा बिश्वास गर्छु भन्छ तर त्यो सक्रिय भएन वा जीवनमा लागु गराउन त्यसले असर पारेन भने त्यो मुर्दा वा मरेको विश्वास हो (याकूब २:१७,२०,२६)। येशूले भन्नुभएको अर्तीकथामा बिनाकामको बिश्वासको गति कस्तो हुनेरहेछ भनेर छर्लङ्ग पारिएको छ।

मत्ती ७:२२,२३को अनुसार येशूको नाउँमा भुत धपाउने वा भविष्यवाणी वा प्रवचन सुनाउने मानिसहरूमा केही न केही बिश्वास त छ। तर तिनीहरूको भविष्य कस्तो हुनेरहेछ त? तपाईंको आस्था वा विश्वासको जग कसमा बसालिएको छ? त्यसको जवाफ तपाईं आफैले कसरी दिन सक्नुहुन्छ?

## ४. कसैको न्याय वा मूल्याङ्कन नगर्नु (मत्ती ७:१-५)

येशूले आफ्नो सेवाकार्य सुरु गर्नुभएको समयमा उहाँले डाँडामा उक्लेर प्रख्यात प्रवचन दिनुभएको थियो। उहाँको त्यस प्रवचनमा धेरै रोचक तथा छक्क पर्ने नीतिहरू समाबेश गर्नुभएको थियो। ""परमेश्वरको सामु तिमीहरू अमूल्यका छौ र आशिष पाएका छौ।" भनेर समाजका बिभिन्न प्रतिष्ठित वर्गहरूबाट हेपिएका सर्बसाधारण मानिसहरूलाई हौशला दिँदै येशूले आफ्नो सेवाकार्य सुरू गर्नुभएको थियो (मत्ती ५:३-१२)। उहाँले तिनीहरूलाई पृथ्वीका नुन् हुन् (मत्ती ५:१३), ज्योति हुन् (मत्ती ५:१४—१६) भन्नुभएको थियो। नुन् र ज्योति वा बत्ती मानिसहरूको निम्ति अति आवश्यक र मान दिएका बस्तुहरू थिए। येशूले दश आज्ञाको गरिमा वा मौलिक आवश्यकताको बारेमा पनि बोल्नुभएको थियो (मत्ती ५:१७-१९)। अरू भन्दा आफू राम्रो वा असल छु भनेर धाक देखाएर असल कामरू गर्दै मानिसहरूलाई प्रभावित नपार्न पनि उहाँले चेतावनी दिनुभएको थियो (मत्ती ५:२०)। नैतिकवान, धर्मी वा साधुपना कामद्वारा मात्र होइन दिमागमा के के सोचले पौडि खेलिरहेको छ त्यसले निर्णय गर्छ भनेर उहाँले औँल्याउनुभएको थियो (मत्ती ५:२१-२८)। तर तिनीहरूको आचरण पनि होशियारसाथ सुरक्षित राख्दै चल्नुपर्छ पनि भन्नु भएको थियो (मत्ती ५:२९,३०)। जब येशूको त्यस प्रवचन कसैले पूरै पढ्यो भने मानिसको जीवन र एकआपसको सम्बन्धलाई चाहिने सबै मौलिक तत्वहरू त्यसमा पाइएको देख्नेछ (मत्ती ५-७:२७ पढ्नुहोस्।

मत्ती ७:१-५मा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक द्वन्द काल्पनिक नभएर साँच्चिकै छ भनेर कसरी देखाउँदछ? त्यहाँ असल र खराब वा सत र असतको बीचमा भइरहेको संघर्षलाई स्पष्ट छर्लङ्ग पारिएको छ। हेर्नुहोस् "१ “अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ। २ किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ। ३ “किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ? ४ अथवा तिम्रो आफ्नै आँखामा मूढ़ा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न सक्छौ, ‘मलाई तिम्रो आँखाबाट धूलोको कण निकाल्न देऊ।’ ५ ए ढोंगी (पाखण्डी), पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, तब तिम्रो भाइको आँखाबाट धूलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ।

**" येशूको वचनले यो बताउँछ 'अरूको न्याय नगर, दोषी नठहऱ्याऊ वा आलोचना नगर ताकि तिमीहरूलाई पनि कसैले दोषी नठहऱ्याओस्। अरू भन्दा आफू महान् छु वा असल छु भनेर नसोच र अरूको न्यायधिस नबन। तिमीहरूले सबै कुरा बुझेका हुँदैनौं, त्यसकारण अरूको न्याय गर्ने तिमीहरूको अधिकार होइन। यदि तिमीहरूले कसैको आलोचना वा दोषी ठहऱ्यायौ त्यसको अर्थ तिमीहरूले आफ्नो दोष आफैमाथि ल्याएका हुन्छौ। त्यसो गर्दा तिमीहरू शैतानसँग मिलेको ठहर्छ।' प्रभुले अघि भन्नुहुन्छ 'तिमीहरू आफूहरूलाई जाँचेर हेर, तिमीहरू परमेश्वरमाथि को आस्थामा छौ कि छैनौ; आफूले आफैलाई प्रमाणित गरेर देखाऊ।' यो नै हाम्रो काम हो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ३१४बाट रूपान्तरित।**

**जब येशूले आफ्ना श्रोताहरूलाई अरूलाई दोषी नठहऱ्याऊ वा आलोचना नगर भन्दा उहाँले दुई नीतिलाई औंल्याउनुभएको थियो। अरूको आलोचना गर्दा वा अरूलाई दोषी ठहऱ्याउँदा त्यही काम हामीहरूले पनि गरिरहेका हुन्छौं (मत्ती ७:१,२)। अरूलाई आलोचना गर्ने नीतिमा चल्दा हामीहरूले अरू सबैको ध्यान हामीहरूतिर नफर्काइ आलोचना गर्ने व्यक्तितर्फ ध्यानाकर्षण गरिरहेका हुन्छौं।**

**अर्को कुरा येशूले यो औंल्याउनुभएको थियो कि जब हामीले हामीहरूका दाजुभाईदिदीबहिनीहरूको समस्यालाई औंल्याउँदा त्यो समस्या**

हामीहरूले नै झेलिरहेको सानो समस्या हुनसक्छ जुन् हामीलाई थाहा नभएको हुन्छ। अरूको आँखामा धुलो देख्न सजिलो हुन्छ तर हामीहरूले आफ्नै आँखामा काठको दलिन झुण्डि रहेको नदेखेका हुन्छौं।

मानिसको सरासर न्याय गर्नु वा आलोचना गर्नु वा दोषी ठहऱ्याउनु र उसको व्यवहार ठीक छ वा गलत छ भनेर छुट्याउनुमा के भिन्नता छ? त्यो भिन्नतालाई चिन्न खोज्नु किन महत्त्वपूर्ण छ?

## ५. "म तिमीहरूसँग सधैंभरि रहन्छु" (मत्ती २८:२०)

येशूका अत्यन्त हौसला दिने खालका बचनहरूलाई कोर्दै मत्तीले आफ्ना पुस्तकलाई अन्त्य गर्दछन्: "म तिमीहरूसँग सधैं रहनेछु। संसारको अन्त्य हुञ्जेलसम्म पनि तिमीहरूको साथमा हुनेछु।" (मत्ती २८:२० रूपान्तरित)। हामीहरूकै जीवनमा त्यसको अर्थ के हुन आउन सक्छ, जब हामी अनेकौं संघर्ष गरिरहेका हुन्छौं, हामीहरू असफलको भुमरीमा परिरेहेका हुन्छौं, निराशको बादलको मुनी घुमीरहेका हुन्छौं र कहिलेकाहीं परमेश्वरले समेत हामीलाई छोड्नुभयो भन्ने भान भइरहेको हुन्छ?

आफ्नो सुसमाचारको पुस्तक सुरू गर्दा परमेश्वर हामीहरूसँग भनेर सुरू गरिएको रोचकपूर्ण छ। तर त्यसमा मत्तीले येशूको परिवार राजा दाउदका सन्तानहरूको सूची बनाइ सुरू गर्दछन्। अनि स्वर्गदूत मरियमकहाँ र पछि युशूफकहाँ भेट गर्न आएको कथा भन्दछ। पछि मत्तीले यो वाख्या गर्दछ कि जन्मिने बालक इम्मान्युयल हो जसको अर्थ परमेश्वर हामीहरूसित (मत्ती १:२३)।

"म तिमीहरूसित हुनेछु" भनेर परमेश्वरले धेरैपल्ट गर्नुभएको प्रतिज्ञा बाइबलमा उल्लेख गरिएको छ। उहाँ इसहाकसँग हुन्छु भन्नुभएको थियो (उत्पत्ति २६:२४), याकूबसँग (उत्पत्ति २८:१५), यर्मियासँग (यर्मिया १:८,१९), र इस्राएलका सन्तानहरूसँग (यशैया ४१:१०, ४३:५)। ती प्रतिज्ञाहरू विश्वासका ती पूर्खाहरूलाई गरेका थिए जब तिनीहरूको जीवन अत्यन्त कष्टकर र दुःखपूर्ण थियो। उहाँको बचन त्यस्तो समयमा अत्यन्त अर्थपूर्ण सावित भएको थियो।

परमेश्वरको अर्को कबूल गरिएको वचन झण्डै त्यस्तै थियो: "म तिमीलाई कहिलै पनि छोड्दिनँ र त्याग्दिन" (हिब्रू १३:५ रूपान्तरित)। त्यस पदको केही अंश पछि यो थपिएको छ "येशू ख्रीष्ट हिजो, आज सधैंभरी समान हुनुहुन्छ " (हिब्रू १३:८ रूपान्तरित)। यो कबूल पनि धेरै पल्ट दोहोरिएको

छ। यही शब्दहरू मोशाले पनि आफ्नो नेतृत्व यहोशूलाई हस्तान्तरन गर्दा उच्चारण गरिएको थियो (व्यवस्था ३१:६,८)। मोशाको मृत्युपछि यही शब्दहरू यहोशूलाई परमेश्वरले बोल्नुभएको थियो "म तिमीलाई कहिलै पनि छोड्दिन र त्याग्दिन" (यहोशू १:५ रूपान्तरित)। जब आफ्नो गद्दी सोलोमनलाई हस्तारन्तरण गरिएको थियो, उनले पनि सोलोमनलाई भनेका थिए, परमेश्वरले सोलोमनालाई कहिलै पनि छोड्नेछैन र त्याग्ने छैन (१ इतिहास २८:२०)।

येशू जो कहिलै पनि परिवर्तन हुनुहुन्न हामीसँग सधैं हुनुहुन्छ र हामीहरूका सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका अग्रजहरूलाई पनि ठोस तथा दऱ्हो प्रतिज्ञा दिनुभएको थियो। तिनीहरूले अनेकौं कष्ट र बाधाहरू सामना गर्नुपरेका थिए। तिनीहरूको जीवनको महान् चुनौतिलाई तिनीहरूले सुरू गर्न थालेका थिए। तर परमेश्वरको निरन्तर उपस्थिति तिनीहरूमा छन् भनेर तिनीहरू आश्वस्त भएका थिए।

अन्त समयमा रहेका ख्रीष्टको चर्चलाई माथि दिएका प्रतिज्ञाहरू धेरै महत्त्वपूर्ण छन्। समयको अन्तसम्म हामीसँग रहने प्रतिज्ञा गर्नुभएको येशूले हामीहरूलाई पनि सारा संसारमा गएर सिकाउँदै बप्तिस्मा देऊ भनेर निर्देशन दिनुभएको छ। त्यसकारण हामीहरूको जीवनको लक्ष्य भनेकै ख्रीष्ट र शैतानको बीचमा भइरहेको बिबादमा हार्ने पक्षमा रहिरहेका मानिसहरूलाई परमेश्वरको सहायताले उद्धार गर्नु हुनुपर्छ।

## उपसंहार

एक जना लियोन बिजलटिएर नाउँ गरेको लेखकले "संसारका अत्यन्त दुःख लाग्दा कथाहरूमध्ये एक" भनेर एउटा कथा पढेका थिए। उनले एक जना एसबी नाउँ गरेको अङ्ग्रेजी मानिसको बारेमा बयान गरेको पढ्दछन्। उक्त मानिस जन्मैदेखि अन्धा थियो। तर ऊ ५२ बर्षको उमेरमा उसको आँखाको अपरेशन गरिएको थियो जसले गर्दा ऊ देख्न सक्ने भएका थिए। एसबीको जीवनको पहिलो पल्ट ऊ देख्न सक्ने भएको थियो। उसको जीवनभरि हेर्न नपाएको संसारको वरिपरिलाई हेर्न पाउँदा ऊ हर्षले उत्तेजित सोभाविकै थियो। तर पछि बेसिल्टिएरले एसबीले व्यक्त गरेको भावना यसरी लेख्दछन्: संसार त कुनै रस नभएको ठाउँ रहेछ। छिटपुट रङ्गले कोरिएको र असिद्ध तथा खाल्दाखुल्दी भएको पृथ्वी रहेछ। उसले अपूरक वा असिद्ध कुराहरूमा धेरै धेरै ध्यान दिन थाले। चित्र तथा काथमा चिन्ह र गल्तीहरू उसले कोट्याउन थाले। आफूले देखिने संसार सिद्ध भएको हेर्न अपेक्षा गरेको त्यस ब्यक्तिले

संसारको अवस्था देखेर दिक्क मान्न थाले। उसले चहकिलो रङ्गहरू मनपराएको थियो तर समय बित्दैजाँदा त्यसमा भएको चमक घट्दा उसलाई दिक्क लाग्न थाल्यो। उसको खिन्नता तथा उदासिनता झन झन खराब हुन थाल्यो। उसले आफ्नो सक्रिय जीवनलाई निष्क्रिय पार्न थाले र तिन बर्ष भित्र उसको मृत्यु भयो। "www.newrepublic.com/article/113312 बाट रूपान्तरित।

एक तहमा हेर्दा यो कथा बुझ्न गाऱ्हो छ भने अर्को तहमा छैन। हामीहरूको संसार क्षतबिक्षत भएको ठाउँ हो। कमसेकम छ हजार बर्षसम्म यस संसारमा ख्रीष्ट र शैतानको बीचमा महान् बिबादको युद्ध चर्किरहेको छ। छ हजार बर्षको युद्ध मैदान भएको हाम्रो यस पृथ्वीमा अनेकौं बिध्वंसात्मक तत्वहरू हुनु स्वभाविकै छ। हामी मध्ये कति मै हुँ भन्ने मानिसहरूले यस संसारलाई सुधार्न खोजेका छन्, अनकौं आविश्कार गरेर यस संसार गतिलो ठाउँ पार्न कोशिश गरेका छन् तर यस संसार ठीक दिशातर्फ गइरहेको देखिन्दैन। तर झन झन बिग्रने अबस्था निश्चित छ। त्यसैकारण हामीलाई उद्धार तथा मुक्तिको आवश्यक छ। यस बिग्रिएको संसारबाट हामीले राहत पाउनैपर्छ। यो राहत महान् बिबादमा ख्रीष्टले बिजय पाउन सक्नुभयो भनेमात्र आउन सक्छ। यो बिजय क्रुसमा येशूले पाउनु भएको थियो र हामी सबैलाई मुफ्तमा उपलब्ध गराइएको छ।

**चिन्तनमनन:**

अ. माथि एसबीको कथाबाट तपाईंले के पाठहरू सिक्न सक्नुभएको छ?

आ. प्रभु प्रभु भन्ने मानिसहरू इसाईहरू नै थिए (मत्ती ७:२२,२३)। उहाँकै नाउँमा अनेकौं असाधारण कामहरू गरेका थिए। तिनीहरूले सोधेको प्रश्नको मूल सार के थियो हेर्नुहोस्। तिनीहरूको ध्यान कसको भाऊतिर केन्द्रित थियो? तिनीहरूले पाएको जवाफबाट तिनीहरू कसरी धोकामा परेका थिए भनेर हामीलाई जानकारी गराउँछ?

इ. तपाईंको साथी वा परिवारको सदस्यले कुनै गलत काम गऱ्यो भनेर स्पष्ट छ भने उसलाई दोषी नठहऱ्याइ त्यस समस्यालाई कसरी सम्हाल्ने?